लुम्बिनी प्रदेश सरकार

उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय

राप्ती उपत्यका (देउखुरी), नेपाल।

सुशासन प्रतिवेदन

(आ.व.२०७९/८०)

लुम्बिनी प्रदेश सरकार

उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय

राप्ती उपत्यका (देउखुरी), नेपाल।

१. मन्त्रालयको संक्षिप्त परिचय:

उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रको विकास, विस्तार र समृद्धि गर्ने जिम्मेवारी रहेको साविकको उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय र १२ वटा घरेलु तथा साना उद्योग कार्यालयहरु, प्रदेशभित्रका पर्यटन पूर्वाधारजस्ता आयोजनाहरुको तर्जुमा, कार्यान्वयन, अध्ययन, अनुसन्धान, अनुगमन सम्बन्धी व्यवस्थापकीय कार्य गर्नका लागि साविकको पर्यटन, ग्रामीण तथा शहरी विकास मन्त्रालय अन्तर्गतको पर्यटन विकास परिषद् र २ वटा पर्यटन डिभिजन कार्यालयहरु, प्रदेशस्तरीय श्रम, रोजगार, सामाजिक सुरक्षा, यातायात व्यवस्था सम्बन्धी नीति, कानून, मापदण्ड, योजना निर्माण, कार्यान्वयन, नियमन लगायतका कार्य गर्ने जिम्मेवारी भएको साविक श्रम तथा याताया व्यवस्था मन्त्रालय अन्तर्गतका ९ वटा यातायात व्यवस्था कार्यालय/सेवा कार्यालयहरु तथा संस्कृति तथा पूरातत्व संरक्षण, योजना निर्माण, कार्यान्वयन, नियमन लगायतको काम गर्ने जिम्मेवारी भएको साविकको महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय अन्तर्गत रहेको पाल्पा दरबार संग्रहालयसमेत हेर्नेगरी लुम्बिनी प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०७९।१०।२८ को निर्णयानुसार प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७८ को नियम ७ को अनुसूची १ र २ बमोजिम यस मन्त्रालयको नाम उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय राखिएको छ।

दीर्घकालीन सोच:

- उद्योग, बाणिज्य तथा पर्यटन प्रवर्द्धन र दिगो व्यवस्थापनबाट समावेशी समृद्धि हासिल गर्दै "समृद्ध लुम्बिनी : आत्मनिर्भर प्रदेश" प्रादेशिक लक्ष्य पूरा गर्न योगदान पुऱ्याउने।
- ऐतिहासिक, पुरातात्विक र धार्मिक क्षेत्रहरुको पहिचान, संरक्षण, सम्बर्द्धन गरी प्रदेशको समग्र पुरातात्विक धरोहरहरुको प्रबर्द्धनमार्फत प्रदेशको पर्यटन क्षेत्रको विकास गरी आर्थिक उन्नतिमा टेवा पुऱ्याउने।
- मर्यादित श्रम र रोजगारको सिर्जना तथा प्रभावकारी यातायात व्यवस्थापन गर्ने।

लक्ष्य:

- प्रदेशभित्रको श्रमशक्ति व्यवस्थापन र सुरक्षित रोजगारीको सिर्जना, सामाजिक सुरक्षासहितको उन्नत जीवनयापन।
- वैज्ञानिक, सर्वशुलभ एवं सहुलियतपूर्ण सार्वजनिक यातायात सेवा र अनुशासित यातायात प्रणालीको स्थापना।
- प्रदेशका साँस्कृतिक सम्पदा तथा भाषिक सम्पत्तिको संरक्षण।
- पर्यटकीय पूर्वाधार निर्माण एवं विकास।
- उद्योग र वाणिज्य क्षेत्रको व्यवस्थापन, अनुगमन र नियमन गर्नुका साथै नयाँ उद्योग स्थापना, प्रबर्द्धन र सञ्चालनमा प्रोत्साहन।

उद्देश्य:

- उद्योग क्षेत्रको उत्पादन बृद्धि गरी कूल ग्राहस्थ उत्पादनमा योगदान बढाउनु,
- उद्योगको विकास प्रवर्द्धनका लागि लगानीमैत्री वातावरण सिर्जना गर्नु,
- औद्योगिक वस्तुहरुको निर्यात बृद्धि गरी व्यापार घाटामा कमी ल्याउनु,
- रोजगारको संख्या र गुणस्तरमा अभिवृद्धि गर्नु,
- आन्तरिक व्यापार प्रवर्द्धन गर्दै स्थानीय कच्चापदार्थ र सीप बढी प्रयोग हुने बस्तुको निकासी प्रबर्द्धनमार्फत प्राप्त हुने लाभलाई स्थानीय तहसम्म विस्तार गर्नु,
- तुलनात्मक लाभका बस्तु तथा सेवाको मूल्य र गुणस्तरलाई प्रतिस्पर्धी बनाई व्यापार घाटा कम गर्नु,

- ❖ उपभोक्ताको हकहित संरक्षण गर्दै दैनिक उपभोग्य बस्तु तथा सेवा नियमित र सहज रुपमा आपूर्ति हुने व्यवस्था मिलाउनु।
- ❖ प्रदेशभित्रै रोजगारीको वातावरण सिर्जना गरी श्रमशक्तिको सहज व्यवस्थापन गर्दै सामाजिक सुरक्षालाई प्रभावकारी बनाउने र सार्वजनिक यातायातलाई व्यवस्थित गर्दै यातायात क्षेत्रको सुरक्षा, व्यवस्थापन र नियमन मार्फत यातायात क्षेत्रलाई चुस्त बनाउने।
- ❖ प्रदेशभित्रका पर्यटन पूर्वाधारजन्य आयोजनाहरुको तर्जुमा, कार्यान्वयन, अध्ययन अनुसन्धान तथा नियमन सम्बन्धी व्यवस्थापकीय कार्य गर्ने।
- ❖ प्रदेशका साँस्कृतिक सम्पदा तथा भाषिक सम्पत्तिको संरक्षण गर्ने।

रणनीतिहरु:

- ❖ उद्योगलाई आवश्यक पर्ने पूर्वाधार तयार, नीति निर्माण र कार्यान्वयनमा जोड दिने।
- ❖ स्थानीय स्रोत सीपको उपयोग गरी लघु, घरेलु, साना, मझौला र ठूला उद्योगको स्थापना र सञ्चालनलाई प्रभावकारी बनाउने।
- ❖ लगानीमैत्री वातावरण सिर्जना गर्न आवश्यक नीतिगत, संस्थागत, कानूनी तथा प्रक्रियागत सुधार गर्ने।
- ❖ गुणस्तरयुक्त एवं प्रतिस्पर्धात्मक औद्योगिक बस्तुको निर्यातलाई बढावा दिने।
- ❖ दैनिक उपभोग्य बस्तु तथा सेवालाई सुलभ बनाउन नियमित रुपमा बजार अनुगमन तथा बजार नियमन गर्ने।
- ❖ पर्यटन पूर्वाधारको विकासलाई रोजगारीका अवसर सिर्जना गर्ने माध्यमको रुपमा प्रयोग गर्ने।
- ❖ स्थानीय श्रम, सीप, श्रोत, साधन र प्रविधिको उपयोगलाई प्राथमिकता दिई जनसहभागिता र जनस्वामित्त्वमा पूर्वाधारहरुको विकास गर्ने।
- ❖ लोपोन्मुख, सीमान्तकृत र विपन्न घरपरिवारको परम्परागत पेशा, व्यवसायको पुनरुत्थान तथा प्रवर्द्धन गरी रोजगारमूलक बनाउने।
- ❖ प्रदेशका भाषा संस्कृति तथा धार्मिक सम्पदाहरुको अभिलेखीकरण, प्रचारप्रसार गरी तिनीहरुको संरक्षण तथा सम्बर्द्धन गर्ने।
- ❖ यातायात प्रशासनमा नवीनतम् प्रविधिको प्रयोग गरी एकद्वार प्रणालीको माध्यबाट बैज्ञानिक (Faceless & Paperless) बनाउने।
- ❖ नागरिकमैत्री यातायात सेवा सञ्चालन तथा यातायात क्षेत्रका समस्या न्यूनीकरणका आवश्यक कार्यक्रम सञ्चालन गर्ने।

२. मन्त्रालयको कार्यक्षेत्र:

१. सामाजिक सुरक्षा सम्बन्धी प्रादेशिक नीति तथा मापदण्डको निर्माण तथा कार्यान्वयन, कोष व्यवस्थापन, नियमन, राष्ट्रिय र प्रादेशिक निकाय तथा संघ-संस्थासँग सम्पर्क, समन्वय र सहकार्य
२. श्रमिक एवं श्रमिकको सामाजिक सुरक्षा तथा ट्रेड युनियन सम्बन्धी प्रादेशिक नीति, मापदण्ड र नियमन
३. श्रमशक्ति, श्रम बजार सम्बन्धी अध्ययन, अनुसन्धान र श्रमशक्ति योजना
४. औद्योगिक विवाद समाधान, श्रम सम्बन्धमा सुधार र न्यायिक निरुपण
५. कार्यस्थल सुरक्षा, कारखाना निरीक्षण तथा नियमन
६. प्रदेशस्तरको यातायात सम्बन्धी नीति, मापदण्ड र योजनाको तर्जुमा तथा कार्यान्वयन, अध्ययन, अनुसन्धान र नियमन
७. प्रदेशभित्रको सवारी दर्ता र नवीकरण, चालक अनुमति र नवीकरण
८. प्रदेशभित्र सार्वजनिक यातायातको रुट अनुमति, मापदण्ड, गुणस्तर र भाडा दर निर्धारण र अनुगमन तथा नियमन
९. वातावरणमैत्री, अपाङ्गतामैत्री र लैङ्गिकमैत्री यातायात प्रणालीको प्रवर्द्धन

१०. प्रदेश तहमा यातायात सुरक्षा र सवारी प्रदुषण नियन्त्रण सम्बन्धी योजना निर्माण र कार्यान्वयन
११. व्यापार/वाणिज्य र प्रतिस्पर्धा सम्बन्धी प्रादेशिक नीति, मापदण्ड तथा योजनाको तर्जुमा, कार्यान्वयन एवं नियमन र सिन्डिकेट तथा कार्टेलिङ नियन्त्रण
१२. प्रादेशिक व्यापार सम्बन्धी पूर्वाधार निर्माण, प्रवर्द्धन, सहजीकरण, वजार अनुगमन, समन्वय, तथ्याङ्क प्रणाली, बौद्धिक सम्पत्ति संरक्षण, अध्ययन तथा अनुसन्धान र नियमन
१३. ढुवानी/परिवहन प्रणाली तथा कार्गो व्यवस्थापन
१४. नेपाल सरकारको सहमतिमा आर्थिक तथा औद्योगिक विषयका करारजन्य सम्झौता
१५. व्यापारिक फर्महरुको दर्ता, नवीकरण, खारेजी र नियमन
१६. खानी तथा खनिज पदार्थको अन्वेषण सम्बन्धी प्रादेशिक नीति, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन र नियमन एवं पूर्वाधार विकास, अनुसन्धान, सर्वेक्षण, लगत संकलन, अभिलेखाङ्कन, अन्वेषण, उत्खनन्, प्रादेशिक प्रयोगशालाको स्थापना तथा संचालन र संघसँग समन्वय
१७. भौगोलिक अध्ययन तथा अनुसन्धान र नक्सा सम्बन्धी
१८. कलकारखाना र औद्योगिकीकरण सम्बन्धी नीति, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन
१९. उद्योग दर्ता, अनुमति, नविकरण एवं खारेजी र औद्योगिक विकास तथा औद्योगिक व्यवसायको प्रवर्द्धन र नियमन
२०. प्रदेशस्तरको उद्योग क्षेत्रको भौतिक पूर्वाधार विकास सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन तथा औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको स्थापना, संचालन र विस्तार
२१. औद्यगिक बस्तुको निर्यात प्रवर्द्धन
२२. सार्वजनिक सेवा, अत्यावश्यक सेवा र वस्तु आपूर्ति सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन
२३. उपभोक्ता हक अधिकार संरक्षण तथा प्रर्वद्धन, उपभोक्ता जागरण कार्यक्रम तर्जुमा, कार्यान्वयन तथा अनुगमन
२४. मूल्य र कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण एवं नियमन
२५. संघीय मापदण्ड अनुसार स्टयाण्डर्ड वर्गिकरण, गुणस्तर परीक्षण र नियमन
२६. अत्यावश्यक वस्तुहरुको प्रादेशिक माग र आपूर्ति व्यवस्था र आपूर्तिमा अन्तरप्रादेशिक र स्थानीय तहबीच समन्वय
२७. उपभोक्ता अदालत र सञ्चालन
२८. लक्षित क्षेत्र र वर्गका लागि एजेन्सी सम्बन्धी प्रादेशिक नीति, मापदण्ड, कार्यान्वयन र नियमन
२९. संघसँगको समन्वयमा कम्पनी स्थापना सम्बन्धी नीति तर्जुमा तथा कार्यान्वयन, नियमन र कम्पनी प्रशासन
३०. दामासाहीमा परेका उद्योग, व्यवसायिक कम्पनी तथा फर्म व्यवस्थापन सम्बन्धी नीति मापदण्ड, कार्यान्वयन र नियमन
३१. प्रदेशस्तरमा हानिकारक पदार्थहरुको नियमन तथा व्यवस्थापन
३२. प्रदेशस्तरमा इन्धनको गुणस्तर अनुगमन
३३. प्रदेश भित्रका उद्योगहरु र साना, मझौला, घरेलु तथा लघु उद्योगहरु स्थापना र प्रवर्द्धन सम्बन्धमा नीति तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन
३४. औद्योगिक तथा व्यापार प्रदर्शनी आयोजना तथा व्यवस्थापन
३५. उद्योगमा श्रममूलक प्रविधि र स्वदेशी श्रमिकको उपयोग
३६. संघीय कानुन बमोजिम क्यासिनो तथा चिठ्ठा दर्ता, अनुमति र नियमन सम्बन्धी
३७. पर्यटकीय होटल, रिसोट लज ट्राभल तथा ट्रेकिङ ऐजेन्सी, गाईड, र्‍याफ्टिङ आदिको दर्ता, अनुमति, नवीकरण र नियमन

३८. स्वरोजगारको लागि उद्यमशीलता विकास, प्रशिक्षण, सहुलियत कर्जा र व्यवसाय प्रवर्द्धन तथा सहायता.
३९. पर्यटन विकास तथा प्रवर्द्धन
४०. भाषा, लिपि, संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा कार्यन्वयन र नियमन
४१. ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवं कलात्मक दृष्टिकोणले महत्व बोकेका प्रदेशस्तरका दरवार हरुको संरक्षण, संभार, अध्ययन, अनुसन्धान तथा व्यवस्थापन
४२. प्रदेशस्तरका संग्रहालयहरुको स्थापना, सञ्चालन तथा व्यवस्थापन
४३. प्रदेशस्तरका पुरातात्विक महत्वका स्थल, ऐतिहासिक र धार्मिक सास्कृतिक सम्पदाहरु, प्राचिन स्मारकहरु, संग्रहालय, सांस्कृतिक धरोहर संरक्षण, संभार तथा पुनर्निर्माण सम्बन्धी नीति कानून मापदण्ड तथा योजना तर्जुमा र सम्पदाहरुको मर्मत संभार, अध्यायन अनुसन्धान उत्खनन तथा पुनर्निर्माण
४४. धर्म परम्परा अनुसार चलिआएका विभिन्न जात्रा तथा पर्वहरुको संचालन र व्यवस्थापन

३. नीति, बजेट र कार्यक्रमगत उपलब्धिको विवरणः

नीति तथा कार्यक्रमको बुँदा नं.	नीति तथा कार्यक्रम	बजेट वक्तव्य बुँदा नं.	बजेट वक्तव्य	उपलब्धि	कार्यान्वयनमा देखिएका समस्या/चुनौति
श्रम तथा यातायाततर्फ					
१२०	बेरोजगारलाई रोजगारः साथमा छ प्रदेश सरकार भन्ने नाराका साथ गरिखाने कार्यक्रम अन्तर्गत बेरोजगार युवाशक्ति, सामाजिक, आर्थिक तथा विविध कारणले पछि परेका समुदायका नागरिक एवं द्वन्द्व पीडित तथा बेपत्ता नागरिकका परिवारलाई सीप मूलक तालिमको माध्यमबाट रोजगारी सिर्जना गर्ने व्यवस्था मिलाइनेछ।	९८	बेरोजगारलाई रोजगारः साथमा छ प्रदेश सरकार भन्ने नीति अनुरुप श्रम बजारमा रोजगारीका अवसर तथा सम्भावनाको अध्ययन गरी बेरोजगार युवा शक्ति, लक्षित वर्ग र द्वन्द्व प्रभावित परिवारलाई माग र आवश्यकतामा आधारित सीपमूलक तालिम र वस्तुगत सहयोग कार्यक्रम सञ्चालन गर्न रु ३ करोड ४८ लाख विनियोजन गरेको छु।	लक्षित वर्गलाई सीप मूलक तालिम सञ्चालन ३० वटा गाउँपालिकाहरुमा ३० प्रकारका तालिमहरु सञ्चालन गरिएको।	तालिम लिन सक्रिय नहुनु र तालिम पश्चात् तालिमको उपयोग नहुनु।
		१०१	प्रदेश सरकारका निकायहरुबाट सञ्चालन गरिने सीपमूलक तालिम कार्यक्रमका लागि एकीकृत कार्यविधि बनाई कार्यान्वयन गरिनेछ। तालिम र सीप प्राप्त व्यक्तिहरुको एकीकृत अभिलेख राखी निजी क्षेत्रको समन्वयमा रोजगारीको व्यवस्था मिलाइने छ।	बेरोजगार युवा लक्षित सीपविकास तालिमहरु जिल्लास्थित घरेलु तथा साना उद्योग कार्यालयमार्फत सञ्चालन गरिएको	स्वदेशमै उद्यमी बनी मालिक बन्नु भन्दा विदेशमा गई जागिरे हुने लाहुरे प्रवृत्तिको निरन्तरता
१२१	स्थानीय तहसँगको समन्वयमा सीपमूलक तालिम सञ्चालन गरिनेछ। प्रदेश स्तरीय सीप प्रतिष्ठान स्थापना गरी सञ्चालनमा ल्याइनेछ। श्रम तथा सामाजिक सुरक्षा सम्बन्धी प्रादेशिक नीति तथा कानून तर्जुमा गरिनेछ। श्रम क्षेत्रमा उत्पन्न हुने विवाद समाधान गर्न तथा व्यवसायजन्य सुरक्षालाई प्रभावकारी बनाउन विशेष कार्यक्रम सञ्चालन गरिनेछ। संघीय सरकारसँगको समन्वयमा सामाजिक सुरक्षाका कार्यक्रमलाई प्रभावकारी बनाइनेछ।	१०३	प्राविधिक शिक्षालयहरुसँग सहकार्य गरी कोभिड- १९ महामारीका कारण रोजगारी गुमाएका युवाहरुको सीप स्तरोन्नति तालिम तथा युवा स्वरोजगार कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरेको छु।	श्रम तथा रोजगार नीति मस्यौदा तयार गरिएको मन्त्रालय, रोजगारदातासँग श्रम सम्बन्धी गोष्ठी सञ्चालन	-
		९९	शहीद चुनुमाया महिला उत्थान कार्यक्रम अन्तर्गत आर्थिक, सामाजिक रुपले पछाडि परेका महिलाहरुको व्यावसायिक सीप विकासका माध्यमबाट आयमूलक व्यवसायमा आबद्ध गराउन विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ र सोको लागि आवश्यक बजेट प्रस्ताव गरेको छु। विषयगत निकायहरुका महिला लक्षित सीप विकास कार्यक्रमहरु कार्यान्वयन गर्न शहीद चुनुमाया महिला उत्थान कार्यक्रम कार्यान्वयन एकीकृत कार्यविधि तर्जुमा गरी कार्यान्वयन गरिनेछ।	-	-
		१००	गुणस्तरीय पाठयक्रम, दक्ष प्रशिक्षक, प्रभावकारी शिक्षण विधि र सीप परीक्षणका माध्यमबाट गुणस्तरीय तालिम सञ्चालन गर्न प्युठानमा ल्याब सहितको सीप प्रतिष्ठान स्थापना गर्न रु १ करोड विनियोजन गरेको छु।	सिटिइभिटीसँगको सहकार्यमा पाठ्यक्रम निर्माणका लागि छलफल।	सर्वपक्षीय सहकार्य हुन नसक्नु। प्रदेशस्थित मन्त्रालयहरुबाट प्रदान गरिने तालिमहरुको एकीकृत पाठ्यक्रम बनाउन विषय विज्ञको अभाव।
		१०५	बालश्रम निषेध गर्न उद्योग, कलकारखाना तथा व्यवसायको नियमित अनुगमन तथा सचेतना मूलक कार्यक्रम सञ्चालन गरिनेछ।	उद्योगहरुको अनुगमन तथा कार्यस्थल सुरक्षा सम्बन्धी अन्तर्क्रिया कार्यक्रम भएको।	ठूला उद्योगीहरुले प्रदेशबाट हुने अनुगमनमा चेष्टा नदिने।
१२२	निर्माण, सेवा तथा उद्योग क्षेत्रमा स्वदेशी कामदार आकर्षिक हुने वातावरण बनाउन क्षमता विकास तथा संरक्षणका कार्यक्रम सञ्चालन गरिनेछ। पूँजीगत खर्चलाई रोजगारी सिर्जनासँग आबद्ध हुने गरी	१०४	गर र सिक कार्यक्रम अन्तर्गत सीप सिक्न चाहने व्यक्तिहरुका लागि निजी क्षेत्रको सहकार्यमा औद्योगिक तथा व्यावसायिक स्थलमा गई काम गरेर सिक्नको लागि प्रोत्साहन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।	यस विषयमा सम्बोधन हुनेगरी श्रम तथा रोजगार नीति प्रस्ताव गरिएको	सीप सिक्न चाहने व्यक्तिहरुको अभाव र कार्यस्थलको अनुपलब्धता।

	अनौपचारिक क्षेत्रमा रहेको रोजगारीलाई औपचारिक क्षेत्रमा रुपान्तरण गरिनेछ।				
१२३	वैदेशिक रोजगारीमा जाने नागरिकलाई आवश्यक पर्ने तालिम तथा सीप विकासका कार्यक्रम सञ्चालन गरिनेछ। वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको सीप र अनुभवको उपयोग गर्न लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ।	१०२	वैदेशिक रोजगारीमा जाने युवाहरुलाई कामसँग सम्बन्धित तालिम तथा सीप विकासका कार्यक्रम सञ्चालन गरिनेछ। वैदेशिक रोजगारीबाट फर्किएका युवाहरुको सीप परीक्षण गरी सीपसँग सम्बन्धित पेशा व्यवसायमा आबद्ध गराउन आवश्यक व्यवस्था मिलाइनेछ।	लक्षित वर्गलाई सीप मूलक तालिम सञ्चालन ३० वटा गाउँपालिकाहरुमा ३० प्रकारका तालिमहरु	-
१२४	यातायात सेवालाई प्रभावकारी बनाउन नीतिगत, कानूनी र संस्थागत सुधार गरिनेछ। प्रदेश भित्रका समग्र सवारीको विद्युतीय अभिलेखीकरण र व्यवस्थापन प्रभावकारी बनाइनेछ। सवारी चालक अनुमती पत्रको वितरण गर्ने कार्यलाई छिटो, छरितो, पारदर्शी, प्रविधि मैत्री र अनुमान योग्य बनाइनेछ। यातायात व्यवस्था कार्यालयहरुको संस्थागत सुदृढीकरण र क्षमता विकास गरिनेछ।	१४१	सार्वजनिक यातायातको भाडा र बुकिङ विद्युतीय माध्यमबाट भुक्तानी हुने गरी क्रमशः नगद रहित बनाउन आवश्यक पहल गरिनेछ। सवारी सम्बन्धी अभिलेखलाई सफ्टवेयर प्रणालीमा आधारित बनाउन रु १ करोड व्यवस्था गरेको छु।	EVRS System मा यातायात सँग सम्बन्धित तथ्याङ्क प्रविष्ट गर्ने कार्यको थालनी निजी क्षेत्रहरुबाट अनलाइन टिकट बुकिङ सेवा सञ्चालनमा आएको।	नागरिक सरोकारको अभाव र निजी क्षेत्रको गैरव्यावसायिकता
		१४३	पूर्व पश्चिम राजमार्गमा निर्माणाधीन पुनर्तार्जगी केन्द्र (रिफ्रेस सेन्टर) हरु मध्ये सैनामैना, शिवराज र बर्दघाटका केन्द्रहरुको निर्माण सम्पन्न गरी सञ्चालन गर्न रु ३ करोड ५० लाख विनियोजन गरेको छु।	सैनामैना, शिवराज र बर्दघाटका केन्द्रहरुको निर्माण सम्पन्न	जग्गा प्राप्ति र सञ्चालनको दिगोपना।
		१४४	रुपन्देहीको बेलबासमा डिजिटल ट्रायल सेन्टर निर्माणका लागि सम्भाव्यता अध्ययन तथा विस्तृत परियोजना प्रतिवेदन निर्माणका लागि आवश्यक बजेट व्यवस्था गरेको छु। यातायात व्यवस्था सेवा कार्यालय, पाल्पाबाट दुई पाङ्ग्रे सवारी साधनको सवारी चालक अनुमति पत्रको प्रयोगात्मक परीक्षा सञ्चालन हुने गरी आवश्यक व्यवस्था मिलाइनेछ।	यातायात व्यवस्था सेवा कार्यालय, पाल्पाबाट दुई पाङ्ग्रे सवारी साधनको सवारी चालक अनुमति पत्रको प्रयोगात्मक परीक्षा सञ्चालन हुने गरी व्यवस्था भएको।	-
१२५	प्रदेशका प्रमुख सहर जोड्ने रुटहरुमा विद्युतीय बस सेवा सञ्चालन एवं यातायात सेवालाई सुव्यवस्थित बनाउनको लागि यातायात कम्पनी स्थापना गरी सञ्चालनमा ल्याइनेछ। डिजिटल ट्रायल सेन्टरको स्थापना तथा सञ्चालन गरिनेछ। रुट इजाजत प्रणालीलाई थप व्यवस्थित बनाइनेछ। सम्भाव्यताका आधारमा सहरी क्षेत्रका प्रादेशिक सडकहरुमा साइकल लेनको निर्माण गरिनेछ।	१४२	प्रदेश भित्र विद्युतीय सवारी साधनको प्रयोगलाई प्रवर्द्धन गर्न प्रदेश यातायात कम्पनी स्थापना गरी सञ्चालनमा ल्याइनेछ। कम्पनी मार्फत प्रदेशका प्रमुख शहर जोड्ने रुटहरुमा विद्युतीय बस सेवा सञ्चालन गरिनेछ। सो कम्पनीको शेयर पुँजीका लागि रु ५ करोड विनियोजन गरेको छु।	पटके तथा कर संकलनका लागि अन्तर्गतका निकायहरुमा अधिकार प्रत्यायोजन गरी कार्य व्यवस्थित गरिएको	प्रदेश सरकार आफै सञ्चालन गर्न क्षमता विका भैनसकेको र निजी क्षेत्रसँगको साझेदारीमा निजी क्षेत्र क्रियाशील हुन नचाहनु।
पर्यटन तथा संस्कृतितर्फ					
१०१	प्रदेश भित्रका ऐतिहासिक, धार्मिक, सांस्कृतिक, पुरातात्त्विक स्थलहरुको संरक्षण, संवर्द्धन र विकास गरिनेछ। ऐतिहासिक महत्वपूर्ण सम्पदाहरुको संरक्षण एवं जीर्णोद्धार गरिनेछ। प्रदेश भित्र रहेका धार्मिक स्थल तथा मठमन्दिर, मस्जिद, गुम्बा एवं ऐतिहासिक सम्पदाहरुको एकीकृत तथ्याङ्क अद्यावधिक गरिनेछ।	१४०	विभिन्न मठ, मन्दिर, मस्जिद, कब्रस्थान, चर्च, शवदाह गृह, क्रियापुत्री भवन, इदगाह जस्ता संरचनाहरुको निर्माण तथा मर्मत सम्भार गरिनेछ। काष्ठकला, धातुकला, प्रस्तरकला तथा ललितकलाको विकास र अन्य लोपोन्मुख भाषा, कला र संस्कृतिहरुको संरक्षण र प्रवर्द्धनका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।	स्थानीय तह र डिभिजन पर्यटन कार्यालयमार्फत योजनाहरु कार्यान्वयन भएको। कपिलवस्तुको तिलौराकोटलाई विश्व सम्पदा सूचीमा समावेश गर्न संघीय सरकारसँग समन्वय गरिएको।	आम नागरिकको निजी साँस्कृतिक घरहरुलाई संरक्षणमा उद्यत भई आयोजनाको अत्यधिक माग हुने गरेपनि सार्वजनिक तथा ऐतिहाँसिक

	कपिलवस्तुको तिलौराकोटलाई विश्व सम्पदा सूचीमा समावेश गर्न संघीय सरकारसँग समन्वय गरिनेछ।			योजनाहरु स्थानीय तह र डिभिजन पर्यटन कार्यालयमार्फत सञ्चालन भएका।	र साँस्कृतिक धरोहरको संरक्षणमा असरोकारित हुनेगरेको स्थिति।
		१३०	प्रदेशको स्थायी राजधानीमा प्रदेशको इतिहास, कला, संस्कृति एवम् अन्य मौलिक विशेषता समेटिएको वृहत संग्रहालय स्थापनाको लागि जग्गा प्राप्ति र विस्तृत परियोजना प्रतिवेदन तयारीको कार्यलाई अगाडि बढाइनेछ।		
१०२.	प्रदेशमा भाषा, साहित्य, कला, सङ्गीत र संस्कृतिको विकास एवं प्रवर्द्धनका लागि कानूनी, संस्थागत तथा संरचनागत व्यवस्था गरिनेछ। प्रादेशिक भाषा, साहित्य तथा कला प्रतिष्ठानको स्थापना र सञ्चालन गरिनेछ।			गठन आदेश र विधेयक तयार भइसकेको।	
१०३.	प्रदेशमा बोलिने भाषा एवं संस्कृतिको जगेर्ना गर्न सबै समुदायको संस्कृति झल्काउने चलचित्र, बृत्तचित्र, नृत्य एवं नाटक प्रदर्शन गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ।	१२३	प्रदेशमा रहेका पाशी, चमार, हरिजन, तेली, धोवी, चिडिमार, कुमाल, नटुवा, गन्धर्व, कुसुण्डा, वादी लगायत लोपोन्मुख, सीमान्तकृत परम्परागत पेशा एवम् संस्कृतिको अध्ययन अनुसन्धान र समस्याको पहिचान गरी संरक्षण, सम्वर्द्धन र सशक्तीकरण कार्यक्रम कार्यान्वयनका लागि रु १० करोड ८० लाख विनियोजन गरेको छु।	पाल्पा दरबार संग्रहालयमार्फत कार्यक्रमहरु सञ्चालन। पर्यटन डिभिजन कार्यालय रुपन्देहीबाट TOR तयार गरी स्वीकृतिको चरणमा रहेकोमा बजेट रोक्का भएको।	
१०४.	पाल्पा दरबार संग्रहालयलाई थप सौन्दर्यकरण गरी व्यवस्थित बनाउदै लगिनेछ। पाल्पाको श्रीनगर र नुवाकोट सांस्कृतिक डबलीको सञ्चालन र व्यवस्थापन गरिनेछ। रोल्पाको तिला जनयुद्ध संग्रहालय र पूर्वी रुकुमको चुनवाङ शान्ति संग्रहालयको स्तरोन्नति गरिनेछ।	१३९	पाल्पा दरबार संग्रहालयलाई सौन्दर्यीकरण गरिनेछ। रोल्पाको तिला जनयुद्ध संग्रहालय र रुकुम पूर्वको चुनवाङ्ग शान्ति संग्रहालय लगायत प्रदेश भित्रका गढी, कोट तथा दरबारको एकीकृत गुरुयोजना तयारी, संरक्षण र स्तरोन्नतिका लागि आवश्यक बजेट विनियोजन गरेको छु।	सौन्दर्यकरण, सञ्चालन, व्यवस्थापन र स्तरोन्नतिको कार्य गरिएको। संग्रहालयको सौन्दर्यीकरण, संरक्षण र स्तरोन्नतिको कार्य गरिएको।	
९३.	धार्मिक, सांस्कृतिक, साहसिक, मनोरञ्जनात्मक, माइस, स्प्रिच्यूअल, कृषि, शैक्षिक, ग्रामीण, व्यापारिक, पर्यापर्यटन, पर्वतारोहण तथा पदयात्रा पर्यटन प्रवर्द्धन गर्दै स्थानीय उत्पादन सँग अग्र र पृष्ठ सम्बन्ध भएको गुणस्तरीय पर्यटन सेवाको विस्तार गरी रोजगारी सिर्जना, गरिबी न्यूनीकरण र प्रदेश अर्थतन्त्रको आधारशिला निर्माण गरिनेछ।	१२४	ग्रामीण क्षेत्रमा रहेको समुदायको पहिचान झल्कने परम्परागत पेय पदार्थ र मौलिक खानाको उत्पादन, गुणस्तर परीक्षण, बजारीकरण र ब्रान्डिङ गरी व्यावसायिक उत्पादनलाई प्रवर्द्धन गरिनेछ। पेटेन्ट अधिकार प्राप्तिको लागि संघीय सरकारसँग समन्वय गरिनेछ।	पर्यटन डिभिजन कार्यालय र पर्यटन विकास परिषद्मार्फत कार्यक्रमहरु सञ्चालन। परम्परागत पेय पदार्थ र मौलिक खानाको उत्पादन, गुणस्तर परीक्षण, बजारीकरण र ब्रान्डिङ गरी व्यावसायिक उत्पादनलाई प्रवर्द्धन गर्ने कार्य अगाडि बढाइएको। पेटेन्ट अधिकार प्राप्तिको लागि संघीय सरकारसँग समन्वयको कार्य जारी रहेको।	
९४.	भगवान गौतम बुद्धको जन्मस्थल लुम्बिनीलाई केन्द्र	१३२	नदी सभ्यतामा आधारित पर्यटन प्रवर्द्धन कार्यलाई निरन्तरता दिएको छु। "बुद्ध र प्रभु	-	कार्यविधि नभएकोले

	विन्दु बनाइ **"बृहत् बुद्ध सर्किट"** तथा प्रदेशका सबै जिल्लाका पर्यटकीय गन्तव्यहरु जोडिने गरी ऐतिहासिक **"बाइसे चौबिसे पर्यटकीय सर्किट"** निर्माणको प्रक्रिया अगाडि बढाइनेछ।		महाराजका विचारः लुम्बिनी प्रदेशको उपहार" को मर्म बमोजिम लुम्बिनी तथा स्वर्गद्वारी क्षेत्रमा स्थानीय तहको सहकार्यमा सो क्षेत्रको माटो, पानी तथा अन्य स्थानीय वस्तुको प्रयोग गरी स्थानीय हस्तकलामा आधारित चिनोको रुपमा विभिन्न कलात्मक सामग्रीहरु निर्माणको लागि सम्भाव्यता अध्ययन गरी चिनो उद्योगको स्थापना गरिनेछ। उत्पादित वस्तुको व्यापार प्रवर्द्धन गर्न गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल परिसरमा एउटा चिनो (सोभेनियर) हल स्थापना गरिनेछ।		कार्यान्वयनमा लैजान नसकिएको।
		१३४	भगवान गौतम बुद्धको जन्मस्थल लुम्बिनीसँग बर्दियाको कृष्णसार, बाँकेको वागेश्वरी, दाङ्गको बाह्रकुने, रोल्पाको जलजला, प्युठानको स्वर्गद्वारी, गुल्मीको रेसुङ्गा, पाल्पाको रानीमहल, अर्घाखाँचीको सुपादेउराली, रुपन्देहीको मर्चवारीमाई, कपिलवस्तुको शिवगढी, नवलपरासीको गौतमबुद्ध स्तुपा र रुकुम पूर्वको ढोरपाटनलाई ऐतिहासिक, धार्मिक र प्राकृतिक बाइसे चौबिसे सर्किटका गन्तव्य स्थलको रुपमा विकास गर्न बजेट विनियोजन गरेको छु।	रेसुङ्गाको सिद्धबाबा मन्दिरमा रु २० लाख बजेट विनियोजन भएकोमा निर्माण कार्य भएको।	
		१३५	गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल भैरहवा र नेपालगञ्ज विमानस्थल आसपासका क्षेत्रमा एग्रो मार्ट स्थापना गरी सञ्चालन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।	एग्रो मार्ट स्थापना र सञ्चालनको व्यवस्था भएको।	
		१३६	भैरहवा देखि बुटवलसम्म जोड्ने राजमार्ग आसपासका क्षेत्रमा सञ्चालित व्यवसाय तथा सो क्षेत्रको निश्चित स्थानमा रात्रीकालीन बजार सञ्चालनको लागि सुरक्षा र सहज आवागमनको लागि आवश्यक व्यवस्था मिलाइनेछ।	रात्रीकालीन बजार सञ्चालनको लागि सुरक्षा र सहज आवागमनको व्यवस्था गरिएको।	
९५.	नेपाल पर्यटन बोर्ड सँगको समन्वयमा नयाँ पर्यटकीय गन्तव्य सहितको पर्यटन विकासको प्याकेज तयार गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रचार प्रसारको माध्यमबाट परिमाणात्मक तथा गुणात्मक रुपमा पर्यटन आगमनलाई अभिवृद्धि गर्ने नीति लिइनेछ। पर्यटन विकास परिषद्को क्षमता विकास र संस्थागत सुदृढीकरण गरिनेछ।			पर्यटन विकास परिषद्को क्षमता विकास र संस्थागत सुदृढीकरणको कार्य गरिएको।	
९६.	विश्व सम्पदा सूचीमा परेका र प्रसिद्ध धार्मिक, सांस्कृतिक, पारम्परिक, ऐतिहासिक, पुरातात्त्विक तथा जैविक विविधता समेतका दृष्टिले मनोरम प्राकृतिक क्षेत्रहरु गुफा, पाटन, ताल तलैया, झरना, गढी, दरबार जस्ता महत्वपूर्ण पर्यटकीय स्थलहरुको विकास गरी पर्यटन प्रवर्द्धन गरिनेछ। सम्भाव्य स्थानहरुमा हिल स्टेशनको विकासका लागि निजी क्षेत्रलाई लगानी गर्न प्रोत्साहन गरिनेछ।	१२६	अन्तर प्रदेश समन्वयमा लुम्बिनी- मानसरोवर पर्यटकीय सर्किटको सम्भाव्यता अध्ययन गरिनेछ। विश्व सम्पदा सूचीमा परेका र प्रसिद्ध धार्मिक, साँस्कृतिक, ऐतिहासिक, पुरातात्त्विक तथा मनोरम प्राकृतिक क्षेत्रहरुको विकास गरी पर्यटन प्रवर्द्धन गरिनेछ। रोल्पाको होलेरी र प्युठानको बड् डाँडा लगायतका स्थानहरुमा हिल स्टेशनको सम्भाव्यता अध्ययन गरी विकासका लागि निजी क्षेत्रलाई लगानी गर्न प्रोत्साहित गरिनेछ। यसका लागि रु २ करोड विनियोजन गरेको छु।	महत्वपूर्ण पर्यटकीय स्थलहरुको पूर्वाधार निर्माणका योजनाहरु सञ्चालन गरेको।	
		१२८	लुम्बिनी गुरुयोजना अनुरुप अन्तराष्ट्रिय बौद्ध विहार क्षेत्र (मायादेवी मन्दिरको उत्तरतर्फ) माइक्रो रेल सञ्चालनको लागि विस्तृत परियोजना प्रतिवेदन तयार गर्न आवश्यक बजेट विनियोजन गरेको छु। स्वर्गद्वारी गुरुयोजना अनुरुपका कार्यहरुलाई निरन्तरता दिँदै अधुरो धर्मशाला निर्माण कार्य सम्पन्न गर्न बजेट विनियोजन गरेको छु। साथै प्रभु महाराजले स्नान गर्ने कुण्डको संरक्षण गर्ने व्यवस्थाका लागि आवश्यक बजेट छुट्याएको छु।	कुण्डको संरक्षण गर्ने व्यवस्था गरिएको।	

		१३१	दिवंगत पूर्व प्रधानमन्त्री सुशील कोइरालाको सम्झनामा प्रदेशको राजधानी रासी गाउँपालिकामा "सुशील कोइराला स्मृति पार्क" निर्माणका लागि गुरुयोजना सहित विस्तृत परियोजना प्रतिवेदन तयार गरी निर्माण कार्य प्रारम्भ गरिनेछ। यसका लागि रु १ करोड विनियोजन गरेको छु।	स्मृति पार्कको निर्माण कार्य गरिएको।	
९७.	पाहुनाघर (होमस्टे) को विकास मार्फत ग्रामीण पर्यटन प्रवर्द्धन गरिनेछ। पाहुनाघर (होमस्टे) लाई स्थानीय संस्कृति, भेष-भूषा, मौलिकता र परम्परागत पेशा, अर्गानिक तथा घरेलु उत्पादन सँग आबद्ध गरिनेछ।	१२५	थारु समुदायमा रहेको परम्परागत ज्ञान र सीपको पहिचान, परीक्षण, क्षमता विकास र बजारीकरण गर्न **"बडघर- महतवा- बैदवा ग्रामीण कार्यक्रम"** सञ्चालन गर्न रु १ करोड ३० लाख विनियोजन गरेको छु।	स्थानीय संस्कृति, भेषभूषा, मौलिकता र परम्परागत पेशा, अर्गानिक तथा घरेलु उत्पादनसँग आबद्ध गर्ने कार्य गरिएको।	
		१२७	ग्रामीण पर्यटन प्रवर्द्धन गर्न होमस्टेलाई स्थानीय संस्कृति, भेषभुषा, मौलिकता र परम्परागत पेशा, अर्गानिक तथा घरेलु उत्पादनमा आबद्ध गर्न सञ्चालकहरुको क्षमता विकास र सहरी पर्यटन प्रवर्द्धनका लागि "टुरिज्म जोन" घोषणा गरी प्रदेशका प्रमुख पर्यटकीय स्थललाई राष्ट्रियस्तरको पर्यटन गन्तव्यको रुपमा विकास गरिनेछ।	टुरिज्म जोन घोषणा गर्ने कार्यको आधार निर्माण गरिएको।	
		१३३	रुकुम पूर्व, रोल्पा र प्युठानका मगर जातिको भाषा, संस्कृति तथा रहन-सहनको अध्ययन अनुसन्धान गरी संरक्षण, संवर्द्धन र विकासको लागि कार्यक्रम सञ्चालन गर्ने प्रबन्ध मिलाएको छु।	मगर भाषा, संस्कृति, रहन सहनको अध्ययन अनुसन्धान गरी संरक्षण, संवर्द्धन र विकासको लागि कार्यक्रम सञ्चालन गरिएको।	
९८	गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आए सँगै लुम्बिनी क्षेत्र पर्यटनको अन्तर्राष्ट्रिय गन्तव्य बन्ने सम्भावनालाई दृष्टिगत गरी पर्यटन पूर्वाधार विकासको लागि निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ। विमानस्थल नजिकको क्षेत्रमा प्रदेशमा उत्पादित प्रदेशको पहिचान झल्किने वस्तु वा सामग्रीको **"कोसेली घर"** सञ्चालन गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ।			"कोसेली घर" सञ्चालन गरिएको।	
९९	प्रदेश भित्रका विभिन्न जातजातिको परम्परागत खानाको संरक्षण गरिनेछ। विभिन्न जातजातिको भेष-भूषा तथा संस्कृतिको संरक्षण तथा विकासका लागि **एक जिल्लाः एक सांस्कृतिक ग्राम** निर्माणको अवधारणा अघि बढाइनेछ।	१३७	पर्यटन विकास परिषद् मार्फत पर्यटन क्षेत्रको विकास, प्रवर्द्धन र प्रचार प्रसारका कार्यक्रम सञ्चालन गर्न रु ६ करोड विनियोजन गरेको छु। ग्रामीण क्षेत्रहरमा प्रचलनमा रहेका संस्कृतिलाई जगेर्ना गर्न साँस्कृतिक क्लवहरु स्थापना र प्रवर्द्धन गरी पाल्पाको श्रीनगर र नुवाकोटका साँस्कृतिक डबली मार्फत ग्रामीण संस्कृतिको प्रदर्शन तथा प्रचार प्रसार गरिनेछ।	एक जिल्लाः एक सांस्कृतिक ग्राम निर्माणमा लागि प्रक्रिया अगाडि बढाइएको। पाल्पाको श्रीनगर र नुवाकोट साँस्कृतिक डबलीको निर्माण कार्य सम्पन्न भएकोमा योजना निर्माणकर्ता कम्पनीलाई आवश्यक मर्मतसुधार गरी कार्यालयलाई योजना हस्तान्तरण लागि पत्रमार्फत ताकेता गरिएको।	
		१२९	विभिन्न जातजातीको धर्म र मौलिक संस्कृतिको संरक्षण, विकास र पर्यटन प्रवर्द्धनका लागि "एक जिल्लाः एक साँस्कृतिक ग्राम" को अवधारणा अनुसार साँस्कृतिक ग्राम निर्माण कार्यका लागि रु ३ करोड विनियोजन गरेको छु। कपिलवस्तुलाई साँस्कृतिक राजधानीको	पर्यटन डिभिजन कार्यालय रुपमन्देहीबाट DPR तयार भै प्रतिवेदन प्राप्त भएकामध्ये अर्घाखाँची र	

			रुपमा विकास गर्न सम्भाव्यता अध्ययन गरिनेछ।	नवलपरासी जिल्लाका सांस्कृतिक ग्रामको प्रकृया अगाडि बढाइएको।	
१००	साहसिक जलयात्राको लागि प्रदेश भित्रका सम्भाव्य नदी खण्डहरुमा जलयात्रा प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिनेछ।			जलयात्रा प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिएको।	
उद्योग, बाणिज्य तथा आपूर्तितर्फको					
८०	उद्यमशीलताको विकास, साना, मझ्यौला र ठूला उद्योगहरुको स्थापना र विस्तारमार्फत उपभोग्य वस्तु, निर्माण सामाग्री, कृषि प्रशोधन र अन्य उद्योगहरुलाइ चाहिने कच्चा पदार्थको आपूर्ति प्रदेश भित्रबाट व्यवस्था गरी उद्योग क्षेत्रको अग्र सम्बन्ध स्थापना गरिने छ।	६२	परम्परागत कृषि औजार, आरन, हाते कागज, बेतबाँस उद्योग, उनी कम्मल, गलैचा, गुन्द्री, ढकिया एवं थाकल लगायतका व्यवसाय प्रवर्द्धन गर्ने।	-	खुला सीमाका कारण दुई विकसित छिमेकी मुलुकसँग प्रतिष्पर्धा गर्नुपर्ने।
		६०	दलित समुदायले अगाल्दै आएको परम्परागत शिल्प व्यवसायको प्रवर्द्धन गर्न (भगतसर्वजित सिपविकास कार्यक्रमलाइ) निरन्तरता दिएको छु।		अन्य पेशा व्यवसायसँग आवद्ध भएका कारण पुख्यौंली पेशा छायाँमा परेको।
८१	प्रदेशको अर्थतन्त्रको विकासका लागि राष्ट्रिय उद्योगधन्दा र साधन र स्रोतको संरक्षण र प्रवर्द्धन गरिनेछ। स्वदेशी उत्पादनको व्यापार एवं वजार प्रवर्द्धन गर्न सूचना प्रविधि तथा इ-कमर्शको उपयोगका लागि कार्यक्रम सन्चालन गरिनेछ।	६९	स्थायी राजधानीमा मन्त्रालयहरु स्थानान्तरण हुदा प्रदेशका सवै सरकारी निकायहरुले कार्यालय सन्चालनका लागि आवस्यक सामाग्रीहरु खरिद गर्दा स्थानीय तथा स्वदेशी उत्पादनलाई प्राथमिकता दिने नीति अवलम्वन गरिने छ।	-	कानूनी व्यवस्था भएपनि पूर्णतः व्यवहारिकतामा लागू नभएको। स्थानीय उत्पादनभन्दा आयातित सामग्री खरिदमा सहजता तथा न्यून मूल्य र सहज प्रतिष्पर्धा।
		६४	गौतमबुद्ध अन्तराष्ट्रिय विमानस्थल संचालनमा आए सगै हाम्रो प्रदेशको गरिमा बढेको छ। यसले स्थानीय उत्पादनहरुको अन्तराष्ट्रिय स्तरमा बजारीकरणको अवसर समेत सिर्जना गरेको सन्दर्भमा गौतमबुद्ध अन्तराष्ट्रिय विमानस्थल नजिक प्रदर्शनी एवं विक्री कक्ष (कोशेली घर) सन्चालन गर्ने यस्तै प्रकारका कोशेली घर नेपालजंग विमानस्थल नजिकमा समेत सन्चालनमा ल्याइनेछ।		गौतम बुद्ध विमानस्थल पूर्णतः सञ्चालनमा नहुनु र प्रदेशले यसलाई व्यापारसँग जोड्न नसक्नु।
		६७	कपिलबस्तुमा कपिल कागज उद्योग स्थापनाको कार्य अगाडी बढाइनेछ। संघ सरकार संगको समन्वय र सहकार्यमा बुटवल धागो कारखाना र नवलपरासीको चिनी मिल पुन संरचना गरि सन्चालनमा ल्याउन र खजुराको कपास खेतीलाई बिस्तार गर्न संभाव्यता अध्ययन गरी आवस्यक कार्य प्रारम्भ गरिनेछ।		संघ सरकारसँगको सहकार्य गरी सञ्चालमा ल्याउन सञ्चालन ढाँचा निर्धारण हुन नसक्नु।
८२	संघिय सरकारको समन्वयमा तामा, सिसा, सुन जस्ता प्रदेश भित्र सम्भावना भएका बहुमूल्य धातु उत्खननका लागि खानीहरुको सम्भाव्यता अध्ययन गरिनेछ।		-	-	पूँजी अभाव, अन्तर्तह समन्वय हुन नसक्नु।
८३	वेरोजगार युवाहरुलाई उद्यमशीलताको विकास सम्बन्धी चेतना अभिवृद्धि गरी स्वदेशमै उद्यम स्थापना गर्न	५८	महिला, मधेशी, मुस्लिम, पिछडावर्ग, मुक्त कमैया सोनाही, माझी, कुमाल, चुदारा, बादी, चिडिमार, कुसुण्डा, गन्दर्भ एवम् लोपोन्मुख तथा सीमान्तकृत समुदायलाइ सीप विकास र	१२ वटै जिल्लाबाट उद्यमशीलता विकास तथा सीप विकास तालिम	हस्तान्तरित पूँजी र प्रविधिको प्रभावकारी प्रयोग

	सिपविकास तालिमको व्यवस्था गरिने छ।		उद्यमशिलता प्रवर्द्धन गरी रोजगार सिर्जना सिप विकास तथा प्रविधि हस्तान्तर कार्यक्रम सन्चालन गरिनेछ।	प्रदान गरी उद्यम स्थापना तथा रोजगार सिर्जनामा प्रोत्साहन गर्न सीप तथा प्रविधि हस्तान्तरण जस्ता कार्यक्रम सन्चालन गरिएको छ।	हुन नसक्नु।
८४	रोल्पा र रुकुम (पूर्व) लाइ अल्लो र कम्मल प्यूठानलाइ अल्लो, दाङलाइ छालाजन्य वस्तु, गुल्मीलाइ कफी, पाल्पालाइ ढाका र करुवा, बर्दियालाई बेतवास, नवलपरासी(व.सु.प.) लाई उखु र केराको हवको रुपमा विकास गर्दै लगिनेछ।	६३	रोल्पा, प्यूठान र रुकुम पूर्वमा रहेको अल्लो व्यवसाय प्रवर्द्धन गरी रोजगारी र आयआर्जन बृद्धि गर्न सोको उत्पादन, प्रशोधन तथा कपडा तयारीका लागि सहयोग गर्ने।	तत्तत् जिल्लाहरुमा सम्बन्धित विषयहरुका सीप विकास तालिम र प्रविधिमा सहयोग कार्यक्रम सन्चालन गर्न बजेट विनियोजन भइ कार्यक्रम सन्चालन भएको।	उत्पादन, प्रशोधन तथा कपडा तयारीका लागि निजी क्षेत्रको अनाकर्षण
८५	नेपाल सरकारसँगको समन्वय र सहकार्यमा रुपन्देहीको मोतिपुर, बाँकेको नौवस्ता र दाङको लक्ष्मीपुरमा औद्योगिक क्षेत्र निर्माण कार्यलाई निरन्तरता दिने।	६८	संघ सरकार संगको समन्वयमा रुपन्देहीको मोतिपुर, बाँकेको नौवस्ता र दाङको लक्ष्मीपुरमा उद्योग स्थापनाको लागि प्रोत्साहित गरिनेछ। अन्य औद्योगिक क्षेत्रहरुलाइ प्रदेश मातहत सञ्चालन गर्न पहल गरिनेछ।	नेपाल सरकारसँग समन्वय गरिएको।	पूर्वाधारको अभाव, नीतिमा अस्पष्टता र पूँजीको अभाव
८६	नेपाल सरकार संग समन्वय र सहकार्य गरी स्थानीय तहमा औद्योगिक पूर्वाधार निर्माण गर्न प्रोत्साहन गरिनेछ। साना तथा मझ्यौला उद्योगहरु मार्फत रोजगारी सिर्जना गर्ने र क्षेत्रिय असन्तुलन कम गर्दै जाने नीति अनुरुप “एक निर्वाचन क्षेत्र एक औद्योगिक ग्राम" कार्यक्रमलाइ निरन्तरता दिइनेछ।	६५	एक निर्वाचन क्षेत्रः “एक औद्योगिक कार्यक्रम" अन्तरगत विस्तृत सम्भाव्यता अध्ययन सम्पन्न भएका तथा घोषित औद्योगिक ग्रामहरुको पूर्वाधार निर्माण गर्ने।	नेपाल सरकारबाट घोषणा भएका ५ वटा औद्योगिक ग्रामको पूर्वाधार निर्माणमा सहयोगका लागि बजेट विनियोजन भएको र स्थानीय पालिका मार्फत कार्य अगाडी बढाउनेगरी निकासाको लागि पेश भएको।	पूँजीको अभाव।
८७	बुद्धकालीन र बुद्ध संस्कृतिमा आधारित काष्ठकला, ललितकला र मुर्तिकला सम्बन्धी शिल्पकार उत्पादन गर्न विशेष कार्यक्रम सन्चालन गरिनेछ।			कपिलबस्तु जिल्लामा बुद्धकला र बुद्ध संस्कृतिमा आधारित मुर्तिकला सम्बन्धित तालिम तथा प्रविधि हस्तान्तरण कार्यक्रम सम्पन्न भएको।	दक्ष कारिगरको अभाव, कलाक्षेत्रमा सक्रिय जनशक्ति अभाव।
८८	पूजीको अभावमा उद्योग स्थापना, सन्चालन तथा स्तरोन्नति गर्न नसकेका लघु, घरेलु तथा साना उद्यमीहरुलाइ उद्यम विकास कोषको परिचालन गरी सुलभ तरिकाले कर्जा प्रवाह एवं व्याजमा अनुदान दिने कार्यक्रमलाई निरन्तरता दिइनेछ।	६१	विपन्न तथा सिमान्तकृत वर्गका नव उद्यमीहरुलाई लघु, घरेलु तथा मझ्यौला उद्योग स्थापना तथा संचालनको लागि आवस्यक पूजीको अभाव हुन नदिन उद्योगिहरुले लिने ऋणमा सहुलियत प्रदान गर्न उद्यम विकास कोष मार्फत सो ऋणको व्याजमा अनुदान दिइनेछ।	नेपाल बैक लिमिटेड प्रादेशिक कार्यालय लुम्बिनी प्रदेशसँग सम्झौता गरी १२ वटै जिल्लाबाट उद्यमलाइ प्रवाह भएको कर्जामा व्याज अनुदानको कार्यक्रम सन्चालन गरिएको।	ब्याज अनुदान तथा ऋण लगानी बस्तुपरक रुपमा उपयोग नहुनु। अन्यत्र लगानी गरी प्रतिफल प्राप्त नहुनु।
८९	विप्रेषणको अधिकांश हिस्सा उपभोगमा खर्च भइरहेको वर्तमान सन्दर्भमा विप्रेषण आयको उल्लेखनिय अश लगानीमा रुपान्तरण गर्न विशेष कार्यक्रम सन्चालन गरिनेछ।			-	वित्तीय साक्षरता कार्यक्रम सञ्चालनको लागि सबै स्थानीय तहमा आवश्यक जनशक्ति परिचालन गर्न नसकिनु, स्रोतको अभाव।
९०	खाद्य उद्योगहरुको उत्पादनको गुणस्तर परीक्षण गर्न प्रदेशस्तरमा खाद्यवस्तु गुणस्तर मापन प्रयोगशाला स्थापना गरीनेछ।			भैरहवामा गुणस्तरमापन प्रयोगशाला स्थापनाको लागि बजेट विनियोजन भएको।	कार्यान्वयनमा समस्या देखिएको।

९१	कालाबजारी, एकाधिकार, कृतिम अभाव, कार्टेलिङ्ग, सिण्डिकेट तथा प्रतिष्पर्धा नियन्त्रण गर्ने जस्ता कार्यको अन्त्य गर्दै प्रदेशको अर्थतन्त्रलाई प्रतिष्पर्धी बनाइ व्यापारिक स्वच्छता र शुसासन कायम गरिनेछ।			निर्देशनालय र पत्येक जिल्लामा कार्यालयहरुबाट बजार अनुगमन भएको, जसबाट अखाद्य पदार्थ तथा अवधि नाघेका खाद्यसामग्री नष्ट गरिएको तथा जरिवाना गरिएको।	अस्वस्था प्रतिष्पर्धा र आफूमात्र कमाउँ मनोबृत्तिको हावी।
९२	प्रदेश भित्रको आपूर्ति व्यवस्थालाई सहज र व्यवस्थित बनाइनेछ। संघिय र स्थानीय सरकारसंगको समन्वयमा दुर्गम क्षेत्र तथा विपन्न वर्गका लागि सुपथ मूल्यमा खाद्यान्न आपुर्ति गर्ने व्यवस्था मिलाइनेछ।	७०	सुस्ता पारीका वासिन्दाहरुको आवागनम तथा पारवाहन सुविधा सहज बनाउन नारायणी नदीमा फेरी सन्चालन गर्ने।	फेरी सञ्चानका लागि विनियोजित बजेट सुस्ता पालिकामार्फत कार्यक्रम सञ्चालन गर्न रकम हस्तारन्तरणाका लागि आर्थिक मामिला मन्त्रालयमा पेश गरिएको। प्रदेशको दुर्गम जिल्ला रुकुम (पूर्व) जिल्लामा स्थानीय सरकारसँगको समन्वयमा सस्तो पसल सन्चालन गरिएको।	सबै निकायमा सञ्चालन गर्न बजेटको अपुग। अन्तर्राष्ट्रिय स्तरको बोलपत्र आह्वान गर्नुपर्नेमा खरिद समस्या रहेको।

पर्यटन तथा संस्कृतितर्फ

१. लक्षित वर्गलाई विभिन्न प्रकारका सीपमूलक तालिम सञ्चालन गरिएको।

२. परम्परागत पेय पदार्थ र मौलिक खानाको उत्पादन, गुणस्तर परीक्षण, बजारीकरण र ब्रान्डिङ गरी व्यावसायिक उत्पादनलाई प्रवर्द्धन गर्ने कार्य अगाडि बढाइएको।

३. बडघर- महतवा- बैदवा ग्रामीण कार्यक्रम" सञ्चालन गरिएको।

४. टुरिज्म जोन घोषणा गर्ने कार्यको आधार निर्माण गरिएको।

५. कुण्डको संरक्षण गर्ने व्यवस्था गरिएको।

६. विभिन्न जातजातीको धर्म र मौलिक संस्कृतिको संरक्षण, विकास र पर्यटन प्रवर्द्धनका लागि "एक जिल्लाः एक साँस्कृतिक ग्राम" को अवधारणा अनुसार साँस्कृतिक ग्राम निर्माण कार्यका पर्यटन डिभिजन कार्यालय रुपमन्देहीबाट DPR तयार भई प्रतिवेदन प्राप्त भएको।

७. दिवंगत पूर्व प्रधानमन्त्री सुशील कोइरालाको सम्झनामा प्रदेशको राजधानी रासी गाउँपालिकामा "सुशील कोइराला स्मृति पार्क" निर्माणका लागि गुरुयोजना सहित विस्तृत परियोजना प्रतिवेदन तयार भई स्मृति पार्कको निर्माण गर्ने गरी अगाडि बढेको।

८. रुकुम पूर्व, रोल्पा र प्युठानका मगर जातिको भाषा, संस्कृति तथा रहन-सहनको अध्ययन अनुसन्धान गरी संरक्षण, संवर्द्धन र विकासको लागि मगर भाषा, संस्कृति, रहन सहनको अध्ययन अनुसन्धान गरी संरक्षण, संवर्द्धन र विकासको लागि चालु आ.व. देखि कार्यक्रम सञ्चालन गरिने।

९. भैरहवादेखि बुटवलसम्म जोड्ने राजमार्ग आसपासका क्षेत्रमा सञ्चालित व्यवसाय तथा सो क्षेत्रको निश्चित स्थानमा रात्रीकालीन बजार सञ्चालनको लागि सम्भाव्यताको लागि समन्वयको कार्य अगाडि बढाइएको।

१०. पाल्पाको श्रीनगर र नुवाकोट साँस्कृतिक डबलीको निर्माण कार्य सम्पन्न भएकोमा योजना निर्माणकर्ता कम्पनीलाई आवश्यक मर्मतसुधार गरी कार्यालयलाई योजना हस्तान्तरण प्रक्रियामा रहेको।

११. संग्रहालयहरुको सौन्दर्यीकरण, संरक्षण र स्तरोन्नतिको कार्य गरिएको।

१२. विभिन्न मठ, मन्दिर, मस्जिद, कब्रस्थान, चर्च, शवदाह गृह, क्रियापुत्री भवन, इदगाह जस्ता संरचनाहरुको निर्माण तथा मर्मत सम्भारका योजनाहरु स्थानीय तह र पर्यटन डिभिजन कार्यालयमार्फत सञ्चालन गरिएको।

१३. निरन्तर कार्यालय अनुगमन एवम् आवश्यक निर्देशन प्रदान गरिएको।

१४. सेवामा सूचना प्रविधिको अधिकतम् प्रयोग एवं सेवाग्राहीको सहजताका लागि टोकन प्रणाली, स्वच्छ खानेपानी, सफासुग्घर शौचालय र निःशुल्क इन्टरनेटको सुविधा प्रदान गर्ने व्यवस्था मिलाइएको।

१५. सूचनाको हकलाई मूर्तरुप दिन प्रत्येक कार्यालयमा सूचना अधिकारी, गुनासो सुन्ने अधिकारीको व्यवस्था गरी सार्वजनिक सेवालाई पारदर्शी तुल्याइएको।

उद्योग, बाणिज्य तथा आपूर्तितर्फः

१. १२ वटै जिल्लामा महिला, मधेशी, मुस्लिम, पिछडावर्ग, मुक्त कमैया सोनाही, माझी, कुमाल, चुदारा, बादी, चिडिमार, कुसुण्डा, गन्दर्भ एवम् लोपोन्मुख तथा सीमान्तकृत समुदायलाई सीप विकास र उद्यमशीलता प्रवर्द्धन गरी रोजगार सिर्जना, सीप विकास तथा प्रविधि हस्तान्तरण कार्यक्रम गरिएको।

२. बजारमा गुणस्तरीय बस्तुको आपूर्ति सुनिस्चितताको लागि बजार अनुगमन कार्यलाइ प्रभावकारी १२ वटै जिल्लामा नियमित रुपमा वजार अनुगमन गरिएको।

३. दलित समुदायले अगाल्दै आएको परम्परागत शिल्प व्यवसायको प्रवर्द्धन गर्न (भगतसर्वजित सिपविकास कार्यक्रम) १२ वटै जिल्लामा कार्यक्रम सञ्चालन भएको।

४. विपन्न तथा सिमान्तकृत वर्गका नव उद्यमीहरुलाई लघु, घरेलु तथा मझ्यौला उद्योग स्थापना तथा संचालनको लागि आवस्यक पूजीको अभाव हुन नदिन उद्योगिहरुले लिने ऋणमा सहुलियत प्रदान गर्न उद्यम विकास कोष मार्फत सो ऋणको व्याजमा अनुदान दिन नेपाल बैक लिमिटेड प्रादेशिक कार्यालय लुम्बिनी प्रदेशसँग नयाँ सम्झौता गरी १२ वटै जिल्लामा कार्यान्वयनमा आएको।

५. परम्परागत कृषि औजार, आरनको आधुनिकीकरण तथा सीप तथा प्रविधका लागि प्यूठान, रोल्पा, रुकुम दाङ्ग जिल्लामा वजेट विनियोजन भई कार्य सम्पादन भएको। बेतवासका लागि नवलपरासी र बर्दियामा वजेट विनियोजन भइ कार्य सम्पादन भएको।

६. रोल्पा, प्यूठान र रुकुम पूर्वमा रहेको अल्लो व्यवसाय प्रवर्द्धन गरी रोजगारी र आय आर्जान वृद्धि गर्न सो को उत्पादन, प्रशोधन तथा कपडा तयारीका लागि तालिम तथा प्रविधि हस्तान्तरणको कार्य भएको।

७. कोशेली घर सञ्चालनका कार्यहरु भएको।

८. नेपाल सरकारबाट घोषणा भएका १० वटा औद्योगिक ग्रामहरुको पूर्वाधार निर्माणका लागि रकम हस्तान्तरण गर्ने व्यवस्था मिलाइएको।

९. निरन्तर कार्यालय अनुगमन एवम् आवश्यक निर्देशन प्रदान गरिएको।

